# सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८१

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर निवारण गर्ने सम्बन्धमा बीमकको काम कारबाहीलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप बनाउन वाञ्छनीय भएकोले,

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) तथा बीमा ऐन, २०७९ को दफा ५को खण्ड (घ) र दफा १६६ बमोजिमको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायको निर्देशन जारी गरेकोछ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८१" रहेको छ।

(२) यो निर्देशन नेपाल बीमा प्राधिकरणले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ सम्झनु पर्छ।

(ग) "बीमक" भन्नाले बीमा ऐन, २०७९ को दफा २५ बमोजिम संस्थापना भएको बीमा कम्पनी वा पुनर्बीमा कम्पनी सम्झनु पर्छ।

(घ) "प्राधिकरण" भन्नाले बीमा ऐन, २०७९ को दफा ३ बमोजिम स्थापना भएको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

## परिच्छेद-२

## सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलाप तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तिय लगानी निवारण सम्बन्धी व्यवस्था

३. **आन्तरिक नीति तथा कार्यविधि लागू गर्नुपर्ने:** (१) बीमकले ऐनको दफा ७त. को उपदफा (१) र दफा ७ध. को प्रयोजनको लागि आन्तरिक नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक नीति तथा कार्यविधिमा देहायका कुराहरु समेत समावेश गर्नु पर्नेछ:-

(क) कर्मचारीको आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन

(ख) जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्वति,

(ग) जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन प्रणाली,

(घ) अस्वभाविक तथा शंकास्पद कारोबारको पहिचान गर्ने पद्धति र सोको आधार,

(ङ) ऐनको परिच्छेद- ६ख. र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० मा उल्लेख भए बमोजिमका दायित्व पूरा गर्ने प्रभावकारी पद्धति,

(च) ऐनको दफा ३५ङ. बमोजिम परिपालना परिक्षकबाट सम्परीक्षण गराउने सम्बन्धी।

(छ) ऐन,नियमावली र यो निर्देशन प्रभावकारी रुपमा पालना गर्न बीमकले पहिचान गरेका अन्य आवश्यक विषय।

४. **ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने तरिका:** (१) बीमकले ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा ऐनको दफा ७क. र नियमावलीको नियम ४ र ५ बमोजिम गर्नु पर्नेछ।

(२) बीमकले ग्राहकको पहिचान गर्दा कुनै ग्राहक कानूनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्वमा रहेको देखिएमा त्यस्तो संरचनाको प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण गर्ने व्यक्ति फरक देखिएमा त्यस्तो व्यक्तिको नियमावलीको नियम ६ को उपनियम (२) को खण्ड (क) बमोजिम पहिचान गर्नु पर्नेछ।

(३) बीमकले कुनै व्यक्तिको कारोबारमा एकाघरका परिवार बाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रुपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ।

(४) बीमित र अभिकर्ता बाहेक अन्य कुनै व्यक्तिले बीमितको नाममा एकलाख रुपैयाँभन्दा बढी बीमाशुल्क वा अन्य नगद रकम जम्मा गर्न आएमा त्यसरी रकम जम्मा गर्न आउने व्यक्तिको नाम, थर, सम्पर्क नम्बर वा ठेगाना र ग्राहकसँगको सम्बन्ध खुलाउने विवरण लिनु पर्नेछ।

(५) ग्राहक पहिचानको सिलसिलामा नियमावलीको नियम ४ को उपनियम (४) बमोजिमल्याप्चे सहिछाप लिंदा देहाय बमोजिम गर्नु पर्नेछ: -

(क)प्रकृतिक व्यक्तिको हकमा बीमित व्यक्ति र प्रस्तावक फरक भएमा प्रस्तावकको समेत,

तर नाबालिगको हकमा प्रस्तावकको मात्र लिन बाधा पर्ने छैन।

(ख) कानूनी व्यक्ति वा प्रबन्धको हकमा आधिकारिक प्रतिनिधि।

(६) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका कार्यलय वा निकाय, विशेष ऐन अन्तर्गत संस्थापित निकाय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेका सङ्गठित संस्था, बीमक, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्था, नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त संस्था तथा कम्पनी, संयुक्त राष्ट्र संघ वा सो अन्तर्गतका कार्यालय तथा विशिष्टकृत निकाय एवं अन्तराष्ट्रिय संस्थाहरु र विदेशी राजदुतावास वा नियोग तथा प्राधिकरणले समय समयमा तोकेको संस्थाले आफ्ना कर्मचारीको सामूहिक बीमा गराउँदा बीमकले त्यस्ता बीमितहरुको व्यक्तिगत विवरण समेत लिनु पर्नेछ।

(७) बीमकले ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्दा लिनु पर्ने कागजात तथा विवरणको ढाँचा अनुसूची-१ बमोजिम हुनु पर्नेछ र ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा थप कागजात तथा विवरण लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ।

(८) बीमकले ग्राहक पहिचान लगायत अन्य काम-कारोबार गर्दा ऐनको परिच्छेद ६ख. तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७०मा उल्लेखित व्यवस्थाको प्रभावकारी पालना भएको कुराको सुनिश्चित गर्नु पर्नेछ।

५. **उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा थप उपाय अवलम्बन गर्नु पर्ने:** (१) बीमकले ऐनको दफा ७ख. को प्रयोजनका लागि उच्च पदस्थ व्यक्तिको पहिचान गर्नु पर्नेछ।

(२) बीमकले उपदफा (१) बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहायकोमध्ये कुनै प्रक्रिया अवलम्बन गर्न सक्नेछः-

(क) ग्राहकबाट सूचना लिने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचनाबाट जानकारी प्राप्त गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गरी जानकारी लिने,

(घ) प्रचलित कानून बमोजिम कुनै निकायमा राखिएको कुनै अभिलेखबाट सूचना लिने,

(ङ) व्यवसायिक रूपमा उपलब्ध तथ्याङ्क (डाटाबेस) बाट वा अन्य उपयुक्त आधारबाट जानकारी लिने।

(च) बीमक आफैले आधिकारीक श्रोतबाट तयार गरेको  उच्च पदस्थ व्यक्तिको सूची रुजु गरी।

(३) बीमकले उच्च पदस्थ व्यक्ति वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्ति अवकाश भएको, निजको बीमा अवधि वा निजसँग व्यवसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले पाँच वर्षसम्म राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमउच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमका थप उपायहरु समेत अवलम्बन गर्नु पर्नेछ:

(क) बीमालेख जारी गर्दा, बीमालेख धितो राखी ऋण प्रदान गर्दा, बीमालेख समर्पण गर्दा वा बीमालेख अन्तर्गत अन्य कुनै पनि प्रकारले भुक्तानी गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र,

(ख) उच्च पदस्थ व्यक्ति फेरबदल वा थपघट भएको अवस्थामा तत्काल पहिचान हुने संयन्त्र,

(ग) जोखिम बमोजिम उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने थप संयन्त्र,

(घ) उच्च पदस्थ व्यक्तिको पदिय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान हुने व्यवस्था,

६. **वास्तविक धनी पहिचान गर्ने:**(१) बीमकले ऐनको दफा ७ग. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम  वास्तविक धनीको पहिचान बीमकले गर्दा देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्नेछः-

(क) वास्तविक धनी पहिचान गर्ने माध्यम,
(ख) वास्तविक धनी र निजसँग सम्बन्धित सम्पूर्ण कारोबारको एकीकृत रुपमा अनुगमन गर्ने संयन्त्र।

(३) बीमकले वास्तविक धनी पहिचान र सम्पुष्टि गर्दा दफा ५ को उपदफा (२) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(४) बीमकले वास्तविक धनी वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्ति अवकाश भएको, निजको बीमा अवधि वा निजसँग व्यवसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले पाँच वर्षसम्म राख्नु पर्नेछ।

(५) बीमकले संस्थापक शेयर कारोबार (खरिद, विक्री वा नामसारी) गर्दा कानूनी व्यक्तिको संलग्नता भएमा वा देखिएमा सो कानूनी व्यक्तिमा लगानी गर्ने वास्तविक धनीको पहिचान गरी ऐनको दफा ३५क. बमोजिमको विवरण लिनु पर्नेछ।

(६) ऐनको दफा ३५ख. बमोजिम बीमकले सेवा लिएका लेखापरीक्षक, बीमाङ्की, बीमा मध्यस्थकर्ता, अन्य बीमा सेवा प्रदायक, अभिकर्ता तथा परामर्शदाताको विवरण अद्यावधिक गरी प्रत्येक आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

**७. <u>जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेः</u>** (१) बीमकले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिमबार्षिक रुपमा आफ्नो व्यवसायको जोखिममूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रतिवेदनमा जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमको विषयलाई समेत आधार लिनु पर्नेछः-

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा कुनै प्रतिष्ठित अन्तराष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्धको प्रकृति, उद्देश्य र अवधि,

(घ) ग्राहक सम्बन्धी जोखिम हुनसक्ने तत्वहरुः-

(१) ग्राहक, वास्तविक धनी, हिताधिकारीको प्रकार, प्रकृति र संख्या,

(२) अस्वभाविक अवस्थामा कायम गरिएको व्यवसायीक सम्बन्ध,

(३) गैर आवसीय ग्राहक,

(४) व्यक्तिगत सम्पत्ति वहन गर्ने कानूनी व्यक्ति वा कानूनी प्रबन्ध,

(५) मनोनित (नोमिनि) शेयरधनी वा धारक धितोपत्र वा अस्वभाविक र जटिल प्रकतिको स्वामित्व संरचना भएका कानूनी व्यक्ति वा प्रबन्ध ।

(ङ) भौगोलिक जोखिम हुनसक्ने तत्वहरुः-

(१) ग्राहक वा व्यवसायको भौगोलिक सीमा, क्षेत्र र विशेषता,

(२) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रिकाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तराष्ट्रिय मापदण्ड पालना नगर्ने वा आंशिक रुपमा मात्र पालना गर्ने भनी अन्तराष्ट्रिय रुपमा पहिचान भएका मुलुकका ग्राहकसँग सम्बन्धीत कारोबार,

(३) उल्लेखनीय रुपमा भ्रष्टाचार, राजस्व छली, आतङ्कवादी वा अन्य अपराधिक गतिविधि विद्यमान रहेको भनी अन्तराष्ट्रिय रुपमा पहिचान भएका मुलुकको ग्राहकसँग सम्बन्धित कारोबार ।

(च) उत्पादन, सेवा, कारोबार वा वितरण प्रणालीको जोखिम हुनसक्ने तत्वहरु,

(१) उत्पादन वा सेवाको प्रकार, प्रकृति, संख्या र निहित जोखिम,

(२) एकल बीमाशुल्क वा त्यस्तै प्रकार, प्रकृति,संख्या र निहित जोखिम,

(३) वचत प्रकृति बीमा,

(४) असम्बन्धित तस्रो पक्षको सक्रियतामा गरिएको बीमा र बीमाशुल्क भुक्तानी,

(५) तेश्रो पक्षलाई गरिने दावी भुक्तानी,

(६) ग्राहक आफैँ उपस्थिति नभै हुने कारोबार,

(७) तेश्रो पक्षले सहजै पहुँच राख्न वा प्राप्त गर्न सक्ने बीमालेख वा सेवा।

(छ) पेश भएका विवरण, प्रयोग गर्न चाहेको वा गरेको उत्पादन वा सेवा, वितरण माध्यम तथा कारोबारहरूको स्वाभाविकता, विश्वसनीयता र तादम्यता,

(ज)जोखिम सापेक्ष अन्य बिषयहरू।

(४) बीमकले जोखिमलाई उच्च, मध्यम, न्यून तथा जोखिकको समिक्षाको आधारमा वर्गीकरण गर्न सक्नेछ।

(५) बीमकले जोखिम मुल्याङ्कन गरी सोको अद्यावधिक अभिलेख राख्नु पर्नेछ र त्यस्तो अभिलेख प्राधिकरण र अन्य सम्बद्ध निकायले माग गरेमा त्यस्तो निकायलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(६) जोखिम मूल्याङ्कनमा उच्च जोखिम देखिएको ग्राहकको हकमा बृहत ग्राहक पहिचानको उपाय अवलम्बन गर्नु पर्नेछ।

८. **बृहत ग्राहक पहिचान गर्ने तरिका:** (१) बीमकले ऐनको दफा ७ङ.को उपदफा (१) मा उल्लिखित ग्राहकका अतिरिक्त देहाय बमोजिमका ग्राहकसँग व्यवसायिक सम्बन्ध स्थापना वा कारोबार गर्दाबृहत ग्राहक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछः-

(क) विद्युतीय माध्यमबाट व्यवसायीक सम्बन्ध कायम गर्ने वा कारोबार गर्ने ग्राहक,

(ख) उच्च जोखिम देखिएको ग्राहक,

(ग) उच्च नेटवर्थ भएका ग्राहक (यस प्रयोजनका लागि उच्च नेटवर्थ) जनाउने सिमा बीमकले आफैँ निर्धारण गर्नु पर्नेछ।

(घ) कुनै कसुरजन्य वा शंकास्पद कार्यमा संलग्न हुन सक्ने आधार देखिएका ग्राहक,

(ङ) नगदको बढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक।

(२) बीमकले उपदफा (१) बमोजिम ग्राहकसँग व्यवसायीक सम्बन्ध स्थापना गर्दा वा कारोबारगर्दा त्यस्तो व्यक्ति उच्च जोखिमयुक्त व्यक्ति भएमा निजको सम्बन्धमा नियमावलीको नियम ८ मा उल्लिखित उपायहरुका अतिरिक्त देहायका उपाय समेत अवलम्बन गरी बृहत ग्राहक पहिचान पद्धति (Enhanced Due Diligence) अवलम्बन गर्नु पर्नेछः-

(क) सम्पत्तिको स्रोत पहिचान गर्ने,

(ख) कारोबारको उद्देश्यको जानकारी लिने,

(ग) कारोबारको मात्रा प्रकृति र जोखिमको अवस्था अनुसार थप अनुगमन गर्ने,

(घ) बीमा बापतको कुनै प्रकारको भुक्तानी (समर्पण मूल्य तथा ऋण समेत) एकाउन्ट पेयी चेक वा विद्युतीय भुक्तानी प्रणाली मार्फत गर्ने।

(३)बीमकले एकल बीमाशुल्क वा त्यस्तै प्रकृतिको अन्य बीमालेख वा पचासलाख रुपैयाँ भन्दा बढी बीमाङ्क भएको बचत प्रकृतिको बीमालेख वा विदेशबाट बीमाशुल्क भुक्तानी हुने बीमालेख जारी गर्दा देहायका थप उपाय समेत अवलम्बन गर्नु पर्नेछ।

(क) बीमितको आर्थिक क्षमता पुष्टि हुनेआधिकारिक कागजात,

(ख) बीमितको पेशा व्यवसाय तथा कारोबार पुष्टि हुनेआधिकारिक कागजात,

(ग) बीमाशुल्क भुक्तानी बैंक तथा वित्तीय संस्थाको खाताबाट गर्ने ब्यवस्था,

(घ) बीमितले एकल बीमालेख लिनु पर्ने कारण खुल्ने कागजात,

(ङ) बीमितको आर्थिक, प्रशासनिक तथा अपराधिक पृष्ठभूमी अनुसन्धान गर्न÷गराउन पाउने अधिकारपत्र,

(च) जोखिम बमोजिम अपनाउनु पर्ने अन्य उपाय।

९. **<u>सरलीकृत ग्राहक पहिचानगर्ने तरिका</u>**ः(१) बीमकले ऐनको दफा ७च.र नियमावलीको नियम (९) बमोजिम सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन तथा सोको सम्पुष्टि गर्दा देहाय बमोजिमका मापदण्ड र प्रक्रियाहरू अपनाउनु पर्नेछः-

(क) सरलीकृत ग्राहक पहिचान फारमको व्यवस्था गर्ने,

(ख) लघु बीमालेख खरिद गर्ने ग्राहकहरुको लागि छुटै सरलीकृत ग्राहक पहिचान फारम व्यवस्था गर्ने,

(ग) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाइएका ग्राहकको छुट्टै विवरण राख्ने।

(२) बीमकले नियम ९ को उपनियम (१) बमोजिम न्युन जोखिम देखिएका ग्राहकलाई बीमालेख जारी गर्दा नियमावलीको नियम ९ को उपनियम (२) मा उल्लेख भए बमोजिम प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेछ।

**१०. विद्यमान ग्राहकको पहिचान अद्यावधिक गर्नुपर्ने:** (१) बीमकले ऐनको दफा ७छ. को उपदफा (१)बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि अद्यावधिक गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) उच्च जोखिम देखिएका ग्राहकको कम्तीमा बर्षमा एक पटक,

(ख) ग्राहक पहिचान विवरण अनुरूप कारोबार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पूरा नभएको अवस्थामा तत्काल,

(घ) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा सम्बन्धित बीमकलाई शंका लागेको अवस्थामा तत्काल,

(ङ) अन्य जोखिम भएको अवस्थामा जोखिम सापेक्ष हुने गरी बीमकले निर्धारण गरे बमोजिम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले यो निर्देशन जारी भएपछि पहिलो पटकको लागि विद्यमान ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि अद्यावधिक गर्ने कार्य सम्वत् २०८१ साल आषाढ मसान्तसम्म सम्पन्न गर्नु पर्नेछ।

(३) बीमकको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष वा अनौपचारिक रूपमा प्राप्त गरेको सूचनालाई विश्लेषण गरी ग्राहक पहिचान तथा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) बीमकले ग्राहक पहिचान तथा अद्यावधिक गर्दा आफूसँग भएको पूर्व सूचना वा कागजात बाहेक परिवर्तन भएको वा हुन सक्ने अन्य विवरण तथा कागजात मात्र सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ।

(५) बीमकले ग्राहक विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी पर्याप्त हुने गरी लिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दाग्राहकसँग सम्पर्क हुन नसकेमा त्यस्तो ग्राहकको छुट्टै विवरण तयार गरी राख्नुपर्नेछ।

**११. निरन्तर अनुगमन सम्बन्धमाः**(१) बीमकले आफू अन्तर्गत जारी भएका बीमा लेखधनीहरुको कारोवारको सम्बन्धमा ऐनको दफा ७झ बमोजिम निरन्तर अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन गर्दा देहायको कुराको रुजु तथा अद्यावधिक गर्नु पर्नेछ।

(क) प्रस्ताव फारममा रहेको आम्दानीको श्रोतको विवरण।

(ख) शेषपछि ईच्छाएको व्यक्ति परिवर्तन गरेको अवस्था

(ग) बीमालेखको पुनर्जागरण सम्बन्धमा पेश भएका कागजात

(घ) बीमालेख समर्पण तथा ऋण भुक्तानी सम्बन्धमा

**१२. सीमा कारोबार सम्बन्धी प्रतिवेदन दिनु पर्नेः**(१) कुनै व्यक्ति वा संस्थाले ऐनको दफा १०क बमोजिम . भन्दा बढी बीमाशुल्कको कारोबार गरेमा बीमकले त्यस्तो कारोबारको (थ्रेसहोल्ड) देहायको सीमा प्रतिवेदन वित्तीय जानकारी इकाईले तोकिदिए बमोजिमको विद्युतीय गोएमएल सफ्टवेयर (goAML software ) को माध्यममा प्रत्येक महिनाको १ गते र १६ गते प्रविष्ट गर्नु पर्नेछः-

(क)एक वर्षमा तीन लाख रुपैयाँ वा सोभन्दा बढी रकम बीमाशुल्क तिर्नुपर्ने गरी निर्जीवन बीमालेख खरिद गरेमा, वा

(ख) एक वर्षमा एक लाख वा सोभन्दा बढी रकम बीमाशुल्क तिर्नुपर्ने गरी जीवन बीमालेख खरिद गरेमा।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सरकारी कार्यालय, संस्था वा व्यक्तिहरूले गरेको देहायको कारोबार सम्बन्धी प्रतिवेदन वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक पर्ने छैनः

(क) नेपाल सरकार वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतको कार्यालय वा निकायले गरेको कारोबार,

(ख) विशेष ऐन अन्तर्गत स्थापित निकायले गरेको कारोबार,

(ग) पुनर्बीमा व्यवसायको करोबार गर्दा बीमा कम्पनीले गरेको करोबार,

(घ) बीमकले संस्थागत रुपमा आफैं, अन्य बीमक वा सरकारी निकायसँग गरेको कारोबार,

(ङ) कुनै बीमकले आफ्नो ग्राहकलाई प्रचलित कानून बमोजिम बीमालेख धितो राखी कर्जा प्रदान गरेको कारोबार,

(च) संयुक्त राष्ट्र संघ, त्यसका विशिष्टिकृत निकाय, सो अन्तर्गतका कार्यालय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले गरेको कारोबार,

(छ) बीमकले आफ्ना कर्मचारीलाई दिएको सेवा सुविधा बापतको कारोबार।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले सो उपदफा बमोजिमको कुनै कारोबार शंकास्पद कारोबार हो होइन भनी पहिचान गर्न सक्नेछ। त्यसरी पहिचान गर्दा त्यस्तो विवरण शंकास्पद कारोबार हो भन्ने कुरा बीमकलाई लागेमा सोको प्रतिवेदन तयार गरी तीन दिनभित्र वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

१३. **खास कारोबारमा विशेष ध्यान दिनुपर्ने:** बीमकले ऐनको दफा ७ढ. को उपदफा (१) मा उल्लेखित निम्न बमोजिमका खास कारोबारको सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागूगर्नु पर्नेछ। सो प्रणाली लागू गरेको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

(क) एकल बीमाशुल्क भूक्तानी

(ख) १० लाख भन्दा माथीको समर्पण मूल्य वा ऋण भूक्तानी

१४. **शंकास्पद कारोबारको प्रतिवेदन गर्नु पर्ने:** (१) ऐनको दफा ७ध.बमोजिमको कुनै अवस्था विद्यमान भएमा बीमकले शंकास्पद कारोबार सम्बन्धी जाँचबुझ गरी तत्कालवित्तीय जानकारी इकाईले तोकिदिए बमोजिमको विद्युतीय गोएमएल सफ्टवेयर (goAML software ) विवरण प्रविष्ट गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मापदण्डलाई समेत आधार मान्नु पर्नेछ।

(२) अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारी प्राप्त गरेमा सो समेत वित्तीय जानकारी इकाईलाई अतिरिक्त सूचनाको रुपमा जानकारी दिई ग्राहक पहिचान वा सम्पुष्टि अध्यावधिक गर्नु पर्नेछ।

(३) बीमकले शंकास्पद कारोबार तथा गतिविधि पहिचान गर्ने सूचक तयार गरी लागू गर्नु पर्नेछ र त्यस्ता सूचक समय-समयमा अद्यावधिक गर्नु पर्नेछ।

१५. **वित्तीय जानकारी इकाईको निर्देशन पालना गर्नु पर्ने:** बीमकले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा (थ्रेसहोल्ड) कारोबार तथा शंकास्पद कारोबार सम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ।

१६. **आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने:** (१) ऐन, नियमावली र यो निर्देशन बमोजिम बीमकले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन स्रोत समेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित बीमकको सञ्चालक समितिको हुनेछ।

१७. **कार्यान्वयन अधिकारी नियुक्त गर्नुपर्ने:** (१) बीमकले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको कार्यान्वयन अधिकारीको नाम, थर, ठेगाना, इमेल, योग्यता, लगायतका विवरण प्राधिकरण तथा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त गरिएको कार्यान्वयन अधिकारी वा निजको विवरण परिवर्तन भएमा सोको जानकारी समेत प्राधिकरण तथा वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त कार्यान्वयन अधिकारीले ऐनको दफा ७त. को उपदफा (४) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिमको जिम्मेवारी समेत पूरा गर्नु पर्नेछः-

(क) ऐन, नियमावली र यो निर्देशन बमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क व्यक्तिको रूपमा कार्य गर्ने,

(ख) ऐन, नियमावली र यो निर्देशन बमोजिमको कार्य प्रभावकारी रूपमा गर्न नीति, कार्यविधि र प्रणालीको मसौदा तयार गरी पेश गर्ने,

(ग) आफ्नो कार्यालयका पदाधिकारी, शाखामा कार्यरत कर्मचारी र अन्य कर्मचारीबाट ऐन, नियमावली र यो निर्देशन बमोजिम प्राप्त शंकास्पद वा अस्वभाविक कारोबार सम्बन्धी सूचना प्राप्त गरी जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य शाखा वा पदाधिकारीसँग आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना सरल तरिकाले जुनसुकै बखत प्राप्त गर्न सक्ने,

(ङ) सरोकारवालाबाट ऐन, नियमावली र यो निर्देशनमा पालना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

(५) उपदफा (१) बमोजिमको कार्यान्वयन अधिकारीले ऐन, नियमावली र यो निर्देशनकार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगराउने सम्बन्धित बीमकका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाहीको सिफारिश गर्नु पर्नेछ र

सो सिफारिश बमोजिम सम्बन्धित बीमकले कारबाही गर्नु पर्नेछ। त्यसरी गरेको कारबाहीको जानकारी प्राधिकरण र वित्तीय जानकारी इकाईलाई समेत गराउनु पर्नेछ।

(६)उपदफा (१) बमोजिमको कार्यान्वयन अधिकारीले कम्तीमा तीन महिनामा एक पटक ऐन,नियमावली र यस निर्देशन बमोजिम भए गरेको काम कारबाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नुपर्नेछ। त्यसरी पेश हुन आएको प्रतिवेदन उपर सञ्चालक समितिले आवश्यक समीक्षा गर्नुपर्नेछ।

(७) बीमकले एक प्रतिशतभन्दा बढी शेयर स्वामित्व हुने सञ्चालक समितिका पदाधिकारी तथा उच्च व्यवस्थापन र कर्मचारीहरूलाई देहाय बमोजिम हुने गरी संस्थागत क्षमता अभिबृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउनु पर्दछः-

(क) शेयर धनी, पदाधिकारी र उच्च व्यवस्थापनलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादीक्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अभिमुखीकरण गराउने,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कार्यमा प्रत्यक्ष तथा नियमित रूपमा कार्यान्वयन अधिकारी र अन्य कर्मचारीहरूलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी स्वदेशी तथा विदेशी तालिममा सहभागी गराउने,

(ग) बीमा अभिकर्ता र सर्भेयरको क्षमता अभिवृद्धिका लागि नियमित रूपले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी तालिममा सहभागी गराउने।

१८. **आवश्यक थप उपायहरू अवलम्बन गर्ने:** (१) प्रमुख कार्यकारी अधिकृतले ऐन, नियमावली र यो निर्देशन बमोजिम सम्पादन गर्नुपर्ने कार्यको लागिमातहतका कर्मचारीहरूलाई समेत जिम्मेवारी तोक्न सक्नेछ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ७त. को उपदफा (४), नियमावली तथा यस निर्देशन बमोजिम कार्यान्वयन अधिकारीको भूमिकामा प्रतिकूल असर पर्ने गरी कार्य विभाजन वा जिम्मेवारी निर्धारण गर्नु हुँदैन।

(३) यो निर्देशनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमको दायित्व पूरा गर्ने सिलसिलामा यो निर्देशनमा गरिएका व्यवस्था बाहेकका अन्य आवश्यक उपायहरू समेत अवलम्बन गर्नुपर्नेछ।

१९. **मान्यताको पालना:**(१) बीमकले ऐन, नियमावली तथा यस निर्देशनको अनुकुल हुने गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी प्रणालीको व्यवस्थापन गर्दा सोसँग सम्बन्धित बीमा नियमनकारी निकायहरूको अन्तर्राष्ट्रिय संगठन (International Association of Insurance Supervisors (IAIS)), फाइनान्सियल एक्सन टाक्स फोर्स (Financial Action Task Force(FATF)), एफएटिएफ स्टाइल रिजनल वडिज् (FATF Style Regional Bodies (FRBS)) वा त्यस्तै अन्य निकाय वा यस सम्बन्धमा अध्ययन अनुगमन गर्ने अन्तराष्ट्रिय संस्थाले प्रकाशन गरेको अध्ययन तथा प्रतिवेदनलाई समेत आधार लिन सक्नेछ।

(२) बीमकले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण लगायत अन्य गैर कानूनी तथा आपराधिक कार्यको नियन्त्रणमा कमजोर देखिएका मुलुकको सूची तयार तथा अद्यावधिक गरी राख्नु पर्नेछ।

२०. **परिपालना प्रतिवेदन पेश गर्न पर्ने:** बीमकले यो निर्देशन बमोजिम सम्पादन गरेका कार्यहरूको त्रैमासिक विवरण उक्त अवधि व्यतित भएको सात दिनभित्र अनुसूची-२ को ढाँचामा र ऐनको दफा ३५ङ. बमोजिम परिपालना प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो दफाको खण्डहरुमा उल्लेखित बिषयहरुको अतिरिक्त देहाय बमोजिमका विवरणहरु प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(क) सिमा कारोवार अन्तर्गतको विवरण पेश गरेको, एकल बीमाशुल्क तथा पचास लाख रूपैंया भन्दा बढीको बीमाङ्क भएको बीमालेख तथा जोखिम पहिचान भएका बीमालेखको विस्तृत ग्राहक पहिचान गरेको विवरण।

(ख) बीमालेख समर्पण गरेको तथा बीमालेख धितो राखी कर्जा दिएको विवरण।

(ग) बीमालेख रद्द गर्न कुनै निवेदन परेको भए सोको विवरण।

(घ) बीमकका कर्मचारी, अभिकर्ता,संचालक, आधारभूत शेयरधनीलाई तालीम दिएको विवरण।

(ङ) वास्तबिक धनी पहिचान सम्बन्धी विवरण।

(च) दफा ३ बमोजिमको कार्यविधि अद्यावधिक गरेको विवरण।

(छ) परिपालन अधिकृतको कार्य विवरण।

(ज) सचालक समितिमा पारिपालन प्रतिवेदन समिक्षा गरेको विवरण।

२१. **प्रतिवेदन संपरीक्षण गराउनु पर्ने:** दफा १९ बमोजिम तयार भएका परिपालन प्रतिवेदनको हकमा ऐनको दफा ३५च. बमोजिमको सूचीबाटसंपरीक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

२२. **बीमाशुल्क तथा दावी भूक्तानी:** (१) बीमकले एक लाख रुपैयाँ वा सोभन्दा बढीको बीमाशुल्क स्वीकार गर्दा बैंक मार्फत हुने भुक्तानीका उपकरण चेक, पस (Point of Sale) मेशिन तथा अन्य विद्युतीय भुक्तानी प्रणाली मार्फत भुक्तानी लिने व्यवस्था प्रयोग गर्नु पर्नेछ ।

(२) बीमकले सबै प्रकारको बीमाशुल्क बापतको रकम यथासम्भव उपदफा (१) बमोजिम भुक्तानी लिने व्यवस्था गर्दै जानु पर्नेछ ।

(३) बीमकले बीमालेख अन्तर्गत दावी भुक्तानी गर्दा अनिवार्य रूपमा भुक्तानी पाउने व्यक्तिको बैंक वा वित्तीय संस्थामा रहेको खातामा जम्मा हुनेगरी भुक्तानी गर्नु पर्नेछ ।

२३. **अभिलेख सुरक्षित राख्नु पर्ने:** बीमकले ऐनको दफा ७द.र नियमावलीको नियम १२ बमोजिम तयार भएका विवरण, अभिलेख, प्रतिवेदन, सूची, जानकारी तथा सूचनाहरू चाहिएको बखत तत्काल उपलब्ध गराउन सकिने गरी सुरक्षित रुपमा विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ । त्यसरी राखेको अभिलेख आवश्यक परेको खण्डमा प्रमाण स्वरूप प्रयोग गर्न सकिने छ।

२४. **सूचनाको गोप्यता सम्बन्धमा:** (१) बीमकका पदाधिकारी तथा कर्मचारीहरुले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार गरिएको प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई दिनु हुँदैन ।

(२) कसैले ग्राहक वा अन्य कुनै ब्यक्तिलाई कुनै, प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्थामा बाहेक अन्य अवस्थामा ऐनको दफा ७फ. बमोजिम सजाय हुनेछ।

२५. **आतङ्कवादी क्रियाकलापमा तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा संलग्न हुन नहुने:** (१) बीमक, बीमा मध्यस्थकर्ता वा बीमा सेवा प्रदायकले ऐनको दफा ४ मा उल्लेख भए बमोजिम आतंकवादी क्रियाकलापमा वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा संलग्न व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकुलाई भौतिक सहयोग वा साधन उपलब्ध गराउन तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बीमालेख वा बीमा कोष उपलब्ध गराउन हुँदैन ।

(२) कुनै बीमक, बीमा मध्यस्थकर्ता वा बीमा सेवा प्रदायकले उपदफा (१) मा उल्लिखित कुनै कार्यको सल्लाह, सहजीकरण, दुरुत्साहन, मद्दत, उद्योग वा षड्यन्त्र गर्न हुँदैन ।

(३) बीमकले ऐनको दफा ४ मा उल्लेखित व्यवस्थाको अतिरिक्त कुनै पनि प्राकृतिक व्यक्ति वा कृतिम व्यक्तिलाई आतङ्कवादी क्रियाकलापमा वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा सहयोग पुर्याउन मनसायले देहायको कार्य गर्नु हुँदैन:

(क) आतंकवादी कार्य वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा संलग्न हुनको लागि सम्पत्ति वा बीमालेख उपलब्ध गराउने वा सङ्कलन गर्ने।

(ख) आतंकवादी कार्य वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तार लागि सम्पत्ति, बीमालेख, वित्त वा अन्य सम्बन्धित सेवाहरु प्रदान गर्ने।

(ग) आतंकवादी कार्य वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारबाट आर्जित वा उत्पन्न कोषहरुको प्रयोग बाट बीमा शुल्क भुक्तानी वा बीमा दावी भुक्तानी गर्ने।

२६. **आतंकवादी क्रियाकलाप तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तार रोक थाम सम्बन्धी:** (१) बीमकले आतंकवादी क्रियाकलाप तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तार निरुत्साहित गर्नको निमित आतंकवादी क्रियाकलापमा संलग्न व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकुसँगकुनै पनि कारोबार गर्नु हुँदैन।

**स्पष्टीकरण**: आतंकवादी क्रियाकलापमा संलग्न व्यक्ति वा संस्था भन्नाले सयुँक्त राष्ट्र संघद्वारा जारी प्रतिवन्ध सूची (U.N Sanction List) र गृह मन्त्रालयको वेभसाइटमा उल्लेखित व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शव्दले सयुँक्त राष्ट्र संघले समय समयमा अद्यावधिक गरेको आतंकवादी क्रियाकलापमा उच्च जोखिम देखिएको देशको विवरण समेतलाई जनाउँछ।

(२) बीमकले दफा (१) मा उल्लेखित व्यक्ति र संस्थाहरु तुरुन्त पत्ता लगाउन तथा सो व्यक्ति तथा संस्था सँग कारोबार गर्न नपाउने गरी बीमकलाई आवश्यक पर्ने आन्तरिक निति, नियम तथा ट्र्याकिङ् संयन्त्र (Tracking Mechanism) विकास गर्नु पर्नेछ।

(३) बीमकहरुले यदि आतंकवादी क्रियाकलापमा संलग्न व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकुसँग कारोबार भएको थाहा हुन आएमा तुरुन्त अनुसन्धानकारी निकाय (सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग) लाईयथाशीघ्र सम्पूर्ण विवरण उपलब्ध गराई, नेपाल बीमा प्राधिकरणलाई जानकारी दिनु पर्नेछ।

परिच्छेद-३

## विविध

२७ **कारबाही तथा सजाय:** (१) ऐन, नियमावली र यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने बीमक र त्यस्तो बीमकको कर्मचारी तथा पदाधिकारीलाई ऐन बमोजिमको कारबाही हुनेछ।

(२) उपदफा (१) बमोजिम कारबाही गर्दा प्राधिकरणले कम्तीमा पन्ध्र दिनको समय दिई ऐनको दफा ७फ. को उपदफा (५) बमोजिम स्पष्टीकरण सोध्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सोधिएको स्पष्टीकरणको जवाफ नदिएमा वा दिएको जवाफ चित्तबुझ्दो नभएमा वा ऐन, नियमावली तथा यस निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा ऐनको दफा ७फ. बमोजिम प्राधिकरणले गर्ने कारबाहीको सामान्य आधार देहाय बमोजिम हुनेछः

| क्र.स | पालना नभएको व्यवस्था | कारबाहीको प्रकार |
|---|---|---|
| १ | ऐनको दफा ७त. बमोजिम निति तथा कार्यविधि नबनाएमा | १.पहिलोपटक लिखित रुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबैबीमालेख जारी गर्न रोक लगाउने,<br>३. तेस्रो पटक दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने<br>४. त्यसपछि बीमकको दर्ता खारेजसम्मका कारबाही गर्ने |
| २ | ऐनको दफा ७क बकोजिम ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएको। | १.पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि तीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यसपछि बीमकको दर्ता खारेजसम्मका कारबाही गर्ने। |
| ३ | ऐनको दफा ६ विपरित बेनामी वा काल्पनीक नाममा कारोबार गरेको पाइएमा। | एक करोड रुपैयाँदेखि पाँच करोड रुपैँयासम्म जरिबाना गर्ने। |
| ४ | ऐनको परिच्छेद ६ख.को व्यवस्था पालना भएको नपाइएमा। | १.पहिलो पटक एक करोड रुपैयाँ जरिबाना गर्ने,<br>२. दोस्रोपटक तीन करोड रुपैयाँ जरिबाना गर्ने,<br>३. तेश्रो पटक देखि पाँच करोड रुपैयाँ जरिबाना र अन्य कारबाही वा सजाय, |

| | | |
|---|---|---|
| | | ४. पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा संस्थाको दर्ता खारेज गर्ने सम्मको कारबाही गर्ने। |
| ५ | ऐनको दफा ७ख बमोजिम उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | १.पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने,<br>३.तेस्रो पटक देखि दश लाख देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने,<br>४.त्यसपछि बीमकको दर्ता खारेजसम्मका कारबाहीगर्ने। |
| ६ | ऐनको दफा ७ग. बमोजिम वास्तविक धनीको पहिचान गर्ने ऐनको बृहत पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि तीस लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने।<br>४.त्यसपछि बीमकको दर्ता खारेजसम्मका कारबाहीगर्ने। |
| ७ | ऐनको दफा ७घ बमोजिम जोखिम व्यवस्थापन भएको नपाइएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि पचास लाख रुपैयाँ देखि माथि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यसपछि बीमकको दर्ता खारेजसम्मका कारबाही गर्ने |
| ८ | ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने।<br>२. दोस्रो पटक कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने,<br>३. तेस्रो पटक देखि दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने,<br>४.त्यसपछि बीमकको दर्ता खारेजसम्मका कारबाहीगर्ने। |
| ९ | ऐनको दफा १०क. बमोजिम सिमाकारोबार पहिचान गर्ने प्रणाली नभएमा | १. पहिलो पटक दश लाख देखि पचास लाखरुपैयाँसम्म जरिबाना गर्ने,<br>२.त्यसपछि बीमकको दर्ता खारेजसम्मको कारबाही गर्ने। |
| १० | ऐनको दफा ७ध बमोजिम शंकास्पद कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | १. पहिलो पटक पचास लाख देखि एक करोड रुपैयाँ सम्म जरीवाना<br>२. त्यस पश्चात बीकमको दर्ता खारेजसम्मका कारबाही गर्ने । |
| ११ | ऐनको दफा ७त. को उपदफा (३) बमोजिम कार्यान्वयन अधिकारी | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने, |

| | | |
|---|---|---|
| | नियुक्त नगरेको वा बीमकले निर्देशनको दफा २४ को उपदफा (२) बमोजिम कर्तव्य पूरा नगरेको पाइएमा | ३. तस्रो पटक दश लाख रुपैँयादेखि पचास लाख रुपैँयासम्म जरिबाना गर्ने,<br>४.त्यसपछी बीमकको दर्ता खारेजसम्मको कारबाही गर्ने। |
| १२ | सञ्चालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>२. दास्रो पटक कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने,<br>३. तेस्रो पटक दश लाख देखि पचास लाख रुपैँयासम्म जरिवाना गर्ने,<br>४. त्यसपछी बीमकको दर्ता खारेजसम्मको कारबाही गर्ने। |
| १३ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | १. पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>२. दोस्रो पटक कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने,<br>३. तेस्रो पटक दश लाख रुपैँया देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने,<br>४. त्यस पश्चात् बीमकको दर्ता खारेजसम्मका कारबाही गर्ने, |
| १४ | तोकिएको विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | १. पहिलो पटक पचास लाख रुपैँया वा गाम्भीर्यताकोआधारमा सोभन्दा बढी जरिबाना गर्ने,<br>२. त्यसपछि बीमकको दर्ता खारेजसम्मका कारबाही गर्ने। |

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले कारबाही गर्दा बीमकको आर्थिक तथा सांगठनिक अवस्था, पालनाका लागि भएका प्रयास र कसूरको गाम्भीर्यता समेतको विचार गरी प्रभावकारी, आनुपातिक र निरोधात्मक हुने गरी कारबाही गर्नेछ।

तर उल्लंघनको गाम्भीर्यताको विचार गरी ऐनको दफा ७फ. बमोजिमको कुनै वा सबै कारबाही गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

(५) बीमकलाई यस दफा बमोजिम कारबाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त बीमकको कुनै पदाधिकारी वा कर्मचारीको काम कारबाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई बीमकले प्रचलित कानून वा विनियमावली बमोजिम कारबाही गर्नु पर्नेछ।

२८. **बीमकको दायित्व:** (१) यस निर्देशनमा उल्लेख नभएका तर ऐन तथा नियमावलीमा उल्लेख गरिएका विषयमा ऐन तथा नियमावली बमोजिम र यस निर्देशनमा उल्लेख गरिएका विषयमा यसै निर्देशन बमोजिम बीमकले आफ्नो काम दायित्व पूरा गर्नु गराउनु पर्नेछ।

(२) बीमा अभिकर्ता, सर्भेयर, ब्रोकर, तेश्रो पक्ष सहजकर्तालाई ऐन, नियमावली र यस निर्देशनको पालना गर्ने गराउने जिम्मेवारी बीमक समेतको हुनेछ।

२९. **खारेजी र बचाऊ:** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशन, २०७५ खारेज गरिएको छ।

(२) ऐन, नियमावली र यो निर्देशनले बन्देज लगाएको अवस्थामा बाहेक उपदफा (१) बमोजिम खारेज गरिएको निर्देशन बमोजिम भए गरेका काम कारबाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

## अनुसुची-१

(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

## ग्राहकको पहिचान तथा जाँचसँग सम्बन्धित कागजात विवरण तथा सूचनाको सामान्य जानकारी

**(क) व्यक्तिसँगको बीमा कारोबार भएमा, -**

(१) ग्राहक तथा हिताधिकारीको स्पष्ट नाम, थर,

(२) बाबुआमाको नाम,

(३) श्रीमान्/श्रीमतीको नाम,

(४) स्थायी ठेगाना (ठेगाना प्रमाणित गर्ने आवश्यक कागजात हुनु पर्ने),
(जस्तैः नागरिकताको प्रमाणपत्र, राहदानी पानी तथा बिजुलीको बिल, आवश्यक परेमा सम्बन्धित बीमकको कर्मचारीले स्थलगत भ्रमण गरी तयार गरेको नक्सा, मतदाता परिचयपत्र लालपूर्जा आदि)

(५) हाल बसोबास गरिरहेको पूरा ठेगाना,

(६) जन्म मिति,

(७) सम्पर्क टेलिफोन नम्बर,

(८) नागरिकता पासपोर्ट नम्बर, जारी मिति, कार्यालय,

(९) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्था वा निजी क्षेत्रको संस्थामा काम गर्ने व्यक्ति भए परिचयपत्रको छाँयाप्रति,

(१०) हालसालै खिचिएको फोटो,

(११) बीमकले तोकेका अन्य आवश्यक कागजातहरु

**(ख)साझेदारी वा व्यक्तिगत फर्मसँगको सीमा कारोबार भएमा, -**

(१) फर्मको नाम,

(२) ठेगाना,

(३) सम्पर्क टेलिफोन वा मोबाइल नम्बर,

(४) साझेदार तथा हिताधिकारीको नाम र ठेगाना (फोन नं. सहित),

(५) साझेदारको फोटो,

(६) फर्म रजिष्ट्रेशनको प्रमाणपत्र,

(७) स्थानीय तह वा अन्य सरकारी निकायमा दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरेको प्रमाणपत्र,

(८) फर्मको साझेदार बीच भएको कबुलियतनामा,

(९) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी,

(१०)बीमकले तोकेका अन्य आवश्यक कागजातहरु,

(ग) **कम्पनीसँगको बीमा कारोबार भएमा, -**

(१) कम्पनीको नाम,

(२) रजिष्टर्ड कार्यालय रहेको स्थान,

(३) पूरा ठेगाना (टेलिफोन, फ्याक्स समेत),

(४) संस्थापना र गठन सम्बन्धी प्रमाणपत्र तथा कम्पनीको प्रबन्धपत्र र नियमावली,

(५) सञ्चालक समितिका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नं समेत उल्लेख गर्ने),

(६) सञ्चालक समितिका सदस्यहरुको फोटो,

(७) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी,

(८) सञ्चालक समितिले कार्यकारी प्रमुख र अन्य अधिकृत कर्मचारीलाई आर्थिक कारोबारको सम्बन्धमा प्रदान गरेको अख्तियारी,

(९)हिताधिकारीको विवरण,

(१०) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)।

**(घ) क्लब/गैरसरकारी संघ/संस्थासँगको बीमा कारोबार भएमा, -**

(१) क्लव तथा गैर सरकारी संघ संस्थाको नाम,

(२) ठेगाना,

(३) क्लब/गैरसरकारी संघ / संस्थाको संस्था दर्ता प्रमाणपत्रको प्रमाणित छाँयाप्रति,

(४) विधान,

(५) कार्य समितिको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने),

(६) कार्यालयको टेलिफोन नम्बर,

(७) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा कार्य समितिले गरेको निणर्य र अख्तियारी

(८) क्लव वा गैरसरकारी संघसंस्थाको संचालक / कार्यकारी समितिका पदाधिकारीहरुको फोटो,

(९) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)।

(ङ) **सहकारी संस्थासँगको बीमा कारोबार भएमा,-**

(१) संस्थाको नाम,

(२) ठेगाना,

(३) फोन नं. (भएमा उल्लेख गर्ने),

(४) संस्थाको विियनम,

(५) सञ्चालक समितिका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने),

(६) सञ्चालक समितिका सदस्यहरुको फोटो,

(७) संस्था दर्ता सम्बन्धी प्रमाणपत्रको प्रमाण्ति छायाँप्रति,

(८) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी,

(९) हिताधिकारीको विवरण,

(१०) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)।

**(च) <u>स्कूल वा क्याम्पससँगका बीमा कारोबार भएमा, -</u>**

(१) स्कूल वा क्याम्पसको नाम,

(२) ठेगाना,

(३) प्रबन्धपत्र र नियमावली,

(४) संस्था स्वीकृतिको प्रमाणपत्रको प्रमाणित छविचित्र,

(५) स्कूल वा क्याम्पसको प्रमुख पदाधिकारीको नाम, थर, ठेगाना, फोन नं. र फोटो,

(६) सञ्चालक/ व्यवस्थापन समितिका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने),

(७) बीमा वा सो सँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी,

(८) हिताधिकारीको विवरण,

(९) अन्य आवश्यक कागजातहरु (बीमक स्वयांले तोक्न सक्ने)।

**(छ)<u>अन्तराष्ट्रिय गैर सरकारी संस्थासँगको बीमा कारोबार भएमा, -</u>**

(१) संस्थाको नाम,

(२) ठेगाना,

(३) समाज कल्याण परिषद र संस्था बीच कुनै सम्झौता भएको भए सम्झौताको प्रतिलिपी,

(४) नेपाल सरकारसँग कुनै सम्झौता भएको भए सौ सम्झौता,

(५) सम्बन्धित देश वा सो देशको राजदूताबासको सिफारिस पत्र,

(६) संस्थाको विधान,

(७) संस्थाको दुई प्रमुख पदाधिकारी तथा संचालकको नाम, थर, ठेगाना फोन नं र फोटो र ठेगाना प्रमाणित गर्ने कागजातहरु,

(८) नेपाल स्थित सो संस्थाको तर्फबाट नियुक्त भएको प्रतिनिधि वा प्रमुखको नाम, थर, फोटो सहित ठेगाना प्रमाणित हुनेमा कागजात,

(९) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी,

(१०) हिताधिकारीको विवरण,

(११) अन्य आवश्यक कागजात (बीमक स्वयंले तोक्न सक्ने)।

**(ज) विदेशी व्यक्तीसँगको बीमा कारोबार भएमा, -**

(१) पूरा नाम, थर, ठेगाना र सम्भव भए सम्मका हिताधिकारीको विवरण,

(२) बाबु/आमाको नाम,

(३) श्रीमान् / श्रीमतीको नाम,

(४) म्याद ननाघेको भिसाको प्रमाणित छायाँप्रति,

(५) राहदानीको छायाँप्रति,

(६) कार्यरत संस्थाको सिफारिस पत्र (कर्मचारी भए),

(७) नेपालको पूरा थेगाना वा सम्पर्क स्थान,

(८) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)।

**(छ) विदेशी कम्पनीसँगको बीमा कारोबार भएमा, –**

(१) विदेशी कम्पनीको संस्थापन र दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(२) कम्पनीको प्रबन्धपत्र तथा नियमावली,

(३) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र यससँग सम्बन्धित अन्य र्आिर्थक कारोबार गर्न दिएको अख्तियारी,

(४) रजिष्टर्ड ठेगाना /व्यापारिक ठेगाना प्रमाणित गर्ने कागजात,

(५) वैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारीहरुको नाम, थर, ठेगाना, फोटो, फोन नं. सहित व्यक्तिगत विवरण र ठेगाना प्रमाणित हुने कागजात,

(६) नेपालको पूरा ठेगाना सम्पर्क स्थान वा सम्पर्क व्यक्ति,

(७) अन्य आवश्यक कागजात (बीमक स्वयंले तोक्न सक्ने)।

**(ञ) राजदूतावास / कुटनीतिक नियोगको बीमा कारोबार भएमा,**

(१) राजदूतावास वा कुटनीतिक नियोगको पत्र,

(२)हिताधिकारीको विवरण,

(३) अन्य आवश्यक कागजात (बीमक स्वयाले तोक्न सक्ने)।

**(ट) गैर आवासीय नेपाली नागरिकसँगको बीमा कारोबार भएमा,**

(१) पूरा नाम, थर, ठेगाना र हिताधिकारीको विवरण,

(२) बाबु/आमाको नाम,

(३) श्रीमान् /श्रीमतिको नाम,

(४) आयश्रोत खूल्ने कागजातहरु,

(५) रोजगारदाता संस्थासँगको सम्झौतापत्र / नियुक्तिपत्र,

(६) पासपोर्टको प्रमाणित छाँयाप्रति,

(७) नेपालको पूरा ठेगाना वा सम्पर्क स्थान,

(८) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)।

**द्रष्टव्य:**

(१) ग्राहक, वास्तविक स्वामी तथा हिताधिकारीको सही रुपमा पहिचान गर्न बीमकले आवश्यक ठानेमा ग्राहकसँग अन्तरवार्ता समेत लिन सक्नेछ।

(२) ग्राहक पहिचान गर्दा ऐन,नियमावलीमा भएका ब्यवस्था पालना भएको सुनिश्चित गर्नु पर्नेछ।

(३) बीमकले ग्राहक पहिचान सम्बन्धी पर्याप्त विवरण बीमा प्रस्ताव फारममा नै समावेश गरेमा छुट्टै फारम भराउन आवश्यक पर्ने छैन।

## अनुसुची-२

(दफा २० सँग सम्बन्धित)

**परिपालना प्रतिवेदनको ढाँचा**

(क) बीकमको नाम, ठेगाना:

साल......महिना:........

(ख) विवरण

१. नीति तथा कार्यविधि जारी गरेको मिति:

२. नीति तथा कार्यविधि अद्यावधिक गरेको मिति:

३. जोखिम मूल्याङ्कन सम्पन्न गरेको मिति:

४. जोखिम मूल्याङ्कन अद्यावधिक गरेको मिति:

| क.स | विवरण | गत आ.व सम्मको | चालु आ.ब. | | | | | | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रा. | भा | अ | का | मं | पु | मा. | फा | चै | बै | जे | आ | | |
| १ | जम्मा बीमितको संख्या | | | | | | | | | | | | | | | |
| | (क) बीमालेख प्रकार अनुसारका बीमित संख्या | | | | | | | | | | | | | | | |
| | (ख) अवधी पुगी भुक्तानी लिने बीमितको संख्या | | | | | | | | | | | | | | | |
| | (ग) बीमालेख रद्द गर्नेको संख्या | | | | | | | | | | | | | | | |
| | (घ) बीमालेख समर्पण गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | |
| | (ङ) कर्जा लिने बीमितको संख्या | | | | | | | | | | | | | | | |
| २ | पहिचान अद्यावधिक भएका बीमितको संख्या | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पहिचान अद्यावधिक नभएका बीमितको संख्या | | | | | | | | | | | | | | | |
| ४ | पहिचान पूरा नभएका कारण बीमितले अस्वीकार वा सम्बन्ध अन्त गरेको संख्या | | | | | | | | | | | | | | | |
| ५ | उच्च जोखिममा परेका बीमितको संख्या | | | | | | | | | | | | | | | |
| ६ | मध्यम जोखिममा परेका बीमीतको संख्या | | | | | | | | | | | | | | | |
| ७ | न्यून जोखिममा परेका बीमीतको संख्या | | | | | | | | | | | | | | | |
| ८ | जोखिम स्तर परिवर्तन भएका संख्या | | | | | | | | | | | | | | | |
| ९ | उच्च जोखिमयुक्त उत्पादन लिने ग्राहकको संख्या | | | | | | | | | | | | | | | |
| १० | वृहत पहिचान गरिएका बीमितको संख्या | | | | | | | | | | | | | | | |
| ११ | उच्च पदस्थ पदाधिकारी बीमितको संख्या | | | | | | | | | | | | | | | |
| १२ | वास्तवीक धनी पहिचानको संख्या | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | अनुगमन गरिएको बीमितको संख्या | | | | | | | | | | | | | | | |
| १४ | सिमा कारोबार प्रतिवेदनको संख्या | | | | | | | | | | | | | | | |
| १५ | शंकास्पद कारोबार प्रतिवेदनको संख्या | | | | | | | | | | | | | | | |
| १६ | क्षमता अभिवृद्धि<br>क) बीमित<br>ख) पदाधिकारी<br>ग) कर्मचारी<br>घ) संस्था | | | | | | | | | | | | | | | |
| १७ | संचालक समितिमा छलफल भएको मिति | | | | | | | | | | | | | | | |

(ग) गत आ.ब.मा गरिएका प्रमुख गतिविधि तथा चुनौती

(घ) आगामी आ.ब का कार्य योजना

आधिकारीक हस्ताक्षर

| तयार गर्ने | स्वीकृत गर्ने |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

बीमकको छापः